# बारबर्दिया कृषि मौसम सल्लाह बुलेटिन

## Barbardiya Agro-met Advisory Bulletin (BAAB)

कृषि बिकास शाखा र पशु सेवा शाखा, बारबर्दिया नगरपालिकाले ली-बर्ड संगको प्राविधिक सहकार्यमा जारी

वर्ष: २ अंक: ३९ अवधि: २०८२ पौष २५ देखि माघ ०१ सम्म मिति: २०८२/०९/२५

## लुम्बिनी प्रदेशको आगामी हप्ता ( पौष २५ देखि माघ ०१) को मौसमी परिदृश्य:

| | बर्षा/ हिमपात | अधिकतम तापक्रम | न्युनतम तापक्रम | बदली हुने अवस्था (घाम, आंशिक, सामान्य, अधिकांश र पूर्ण) | महत्वपूर्ण मौसम (मेघ गर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|
| तराई | | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताको शरुमा आंशिक बदली,मध्य र अन्यमा मुख्यतया सफा | हुस्सु / कुहिरो | बिहानको समयमा लाग्ने हुस्सु/कुहिरो साताको शुरुमा मध्यान्नसम्म तथा अन्त्यमा अपरान्हपछि क्रमिक रुपमा सुधार हुने सम्भावना |

नोटः साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहिबारलाई जनाउछ । मौसम पूर्वानुमान सम्बन्धि बिस्तृत जानकारीको लागि हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट http://www.dhm.gov.np/mfd हेर्नुहोस।

(स्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग)

## आगामी साताको मौसमी सारांश :

- गत साताभरी नै देशमा पश्चिमी वायूको आंशिक प्रभाव रहेको छ। देशका केही केन्द्रमा हल्का वर्षा मापन भएको छ । विशेषगरी तराईका धेरै स्थानहरूमा साताभरी नै दिनभरसम्म हुस्सु/कुहिरो रहेको छ। गत साता तराईका धेरै केन्द्रहरूमा सरदर भन्दा कम अधिकतम तापक्रम मापन भएको छ भने केही केन्द्रहरूमा सरदर भन्दा बढी न्यूनतम तापक्रम मापन भएको छ । देशका धेरै हिमाली भू-भागमा शुन्य डि.से. भन्दा कम साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ भने गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्दे केन्द्रमा सबैभन्दा कम -१०.७ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।
- साताभर पश्चिमी वायूको आंशिक बदली तथा साताको शुरूमा बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहने छ।

- तराई भू-भाग: साताभर हुस्सु / कुहिरो रहने देखिन्छ । साताको शुरुमा बिहानको समयमा लाग्ने हुस्सु / कुहिरो मध्यान्ह सम्ममा सुधार हुने सम्भावना छ। साताको मध्य र अन्त्यमा कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा मध्यान्हपछि तथा लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा अपरान्हपछि क्रमिक रुपमा सुधार हुने सम्भावना छ।
- यो साता देशका धेरै स्थानहरूमा अधिकतम तापक्रममा उल्लेखनिय परिवर्तन नहुने तथा न्यूनतम तापक्रम साताको शुरूमा हल्का बढ्ने, मध्य र अन्त्यमा हल्का घट्ने सम्भावना छ ।

## कृषि सारांश :

- चैते धानका सिफारिस जातहरु भरपर्दो श्रोतहरुबाट व्यवस्था गर्नुहोस्।
- सुख्खा मौसम रहेकोले सबै किसिमका फलफुल तथा तरकारीहरुमा सिंचाई व्यवस्थापन कार्यलाई विशेष ध्यान दिनुहोस्। उपलब्ध सिंचाई सुविधालाई दक्षता पुर्वक प्रयोगका लागि सिंचाईका नवीनतम प्रविधिहरु जस्तै- प्लास्टिक पोखरी, थोपा सिंचाई, फोहोरा सिंचाई, परफोरेटेड पाईप इत्यादि प्रयोग गर्नुहोस् ।
- गहुँबालीमा पहेलो सिन्दुरे रोगको नियमित अनुगमन गर्नुहोस्।
- मसुरोमा ओइलाउने रोगको व्यवस्थापनको लागि कार्वेन्डाजिम र मेन्कोजेबयुक्त विषादी २ ग्राम प्रति लिटर पानीका दरले सम्पूर्ण बोट भिज्नेगरी १० दिनको फरकमा २ पटकसम्म छर्कनुहोस्।
- पतझड फलफूलको बगैंचा स्थापनाको लागि एक घन मिटर साइजको खाडलमा विश्वसनिय श्रोतबाट बिरुवा व्यवस्था गरी रोप्नुहोस।
- आगामी साता तराईका जिल्लाहरुमा मध्यान्ह सम्म हुस्सु/कुहिरो लागिरहने साथै सापेक्षित आर्द्रता बढी हुने भएकोले आलुबालीमा पछौटे डढुवा रोगको नियमित अनुगमन गरी डढुवा रोगको शुरूको अवस्थामा मेन्कोजेब ७५% डब्ल्यु.पी. २ ग्राम प्रति लिटर पानीमा मिसाई पातको तल्लो भाग समेत भिज्नेगरी छर्कनुहोस् । प्रकोप बढी भएमा एक्रोब्याट (डाइमेथोर्फ ५०% डब्ल्यु.पी.) वा सेक्टिन (फेनामेडोन १०% + मेन्कोजेब ५०% डब्ल्यु.जी.) १.५ ग्राम प्रतिलिटर पानीमा मिसाइ बोटको सम्पुर्ण भाग भिज्नेगरी छर्कनुहोस्।
- प्याज र लसुनको जरा कुहिने रोग व्यवस्थापनको लागि ढुसीनाशक विषादी - वेभिष्टिन (Carbendazim ५०% WP) २ ग्राम प्रति लिटर पानीका दरले १४ दिनको फरकमा ३ देखि ४ पटकसम्म सम्पूर्ण जरा भिज्नेगरि हाल्नुहोस्।
- लहरे तरकारीहरुको बेर्ना उम्रिसकेको भए सेतो प्लाष्टिकको छानोलाई दिनको समयमा उघार्ने र रातीको समयमा ओढाउनुहोस्।
- बाहिरी तापक्रम घट्ने क्रममा रहेकोले गाई, भैंसी, भेडा, बाखा आदिमा रुघाखोकी लाग्ने, ज्वरो आउने, श्वासप्रश्वास सम्वन्धी अन्य रोग लाग्ने र छेर्ने हुँदा पशुवस्तुको खोर - गोठ न्यानो राख्नुहोस्।
- हिउँदको समयमा पशुवस्तुलाई हरियो घाँसको कमी हुने भएकोले उग्राउने पशुहरु जस्तै- गाई, भैंसी, भेडा, बाख्राहरुलाई युरिया मिश्रित पराल (४% युरिया) वा युरिया मोलासेस ब्लक खुवाउनुहोस्।
- यो समयमा दिन छोटो हुने र रात लामो हुने भएकाले अन्डा उत्पादनका लागि पालिएका लेयर्स कुखुरालाई कम्तीमा १६ घण्टासम्म प्रकाश हुने गरि बत्तीको व्यवस्था गर्नुहोस्।

- बादल लागेको दिन र भोलिपल्ट विहानीपख माछापोखरीमा घुलित अक्सिजनको कमीबाट हुन सक्ने क्षति कम गर्न प्रति हेक्टर जलाशयमा बिहान ४-६ बजेसम्म ०.७५ के.भि.ए. क्षमताको वायुयन्त्र (Aerator) को प्रयोग गर्नुहोस् साथै बादल लागेको समयमा दाना दिन बन्द गर्नुहोस्।
- **यसै बर्षमा रोपेको फलफुल बालीका बेर्नाहरुलाई नियमित अनुगमन गर्नुहोस, कलमी गरेको भागभन्दा तल पलाएका मुनाहरु हटाउनुहोस् ।**
- तराई, भित्रि-मधेश तथा बेशीमा आलु लगाउने समय नजिकिदै गरेको हुँदा उपलब्ध जातहरुको गुणस्तरीय बीउ भरपर्दो श्रोतहरुबाट आवश्यक मात्रामा व्यवस्था गर्नुहोस्।
- बेर्ना सारेको तरकारी बालीहरुमा रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले मौसमको अवस्था हेरी १५-२० दिनमा पहिलो र ३५-४० दिनमा दोस्रो टपड्रेस गर्नुहोस ।
- तापक्रम कम हुँदै जादाँ लाही कीराको प्रकोप बढ्दै जाने हुनाले करेसाबारी र कौसी खेती गर्दा व्यवस्थापनका लागि एक भाग गाईको गहुँत ४ भाग पानीमा मिसाएर रातभरि राखी लाही लागेको ठाँउमा भिज्नेगरि भोलीपल्ट छर्कनुहोस् । समस्या बढी भएमा डाइमेथोएट ३०% ई.सी., १.५ एम. एल. प्रति लिटर वा फ्लोनिकामिड ५० डब्लु. जी., १ ग्राम ३ लिटर पानीको दरले मिसाई लाही लागेको ठाँउमा भिज्नेगरि छर्कनुहोस्।
- तापक्रम घट्ने क्रम जारी भएकोले मौरी घारलाई चारैतिरबाट प्लास्टिक वा जुटको बोराले बेरेर राख्नुहोस्। साथै घारको नियमित निरीक्षण गरी मौरीलाई खानेकुरा कम छ भने आवश्यकता अनुसार चिनी चास्नी बनाएर खुवाउनुहोस्।
- **हालका दिनमा नगरपालिका क्षेत्र भित्र रहेका गौशाला र कृषकहरुको घरका गाई गोरुहरुमा पनि फाट्टफुट्ट रुपमा लम्पी स्किन रोग देखिएको र अन्य क्षेत्रमा समेत फैलन सक्ने हुँदा आवश्यक सतर्कता अपनाउनुहोस् ।**
- पशुपन्छीहरुको गोबर परिक्षण गरि जुका बिरुद्धको औषधि खुवाउनुहोस् ।
- प्राकृतिक तथा कृत्रिम गर्भाधान गरेको गाईभैंसीहरुलाई ३ महिना पछि गर्भ परिक्षण गरि गर्भ रहे नरहेको निश्चित गर्न पशु सेवा शाखा तथा निजि पशु स्वस्थय कार्यकर्तासंग सम्पर्क गर्नुहोस् ।

## कृषि सल्लाहः

### खाद्यान्नबाली

- सुख्खा मौसमलाई ध्यानमा राख्दै गहुँको मुकुट जरा आउने (CRI) अवस्थामा जरा भिज्नेगरी पहिलो सिचाई पश्चात सिफारिस मात्रा अनुसार युरिया मल टपड्रेस गर्नुहोस्। गहुँ पहेंलो हुनबाट बच्न सिँचाई गर्दा पानी जम्न नदिन विशेष ध्यान दिनुहोस्।
- तोरीबालीमा लाही कीरा लागे - नलागेको थाहा पाउन पहेंलो टाँसिने पासो (yellow sticky trap) प्रयोग गर्नुहोस् । आवश्यकता अनुसार १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर बनाइएको झोल १२ घण्टापछि लाही लागेको तोरीको बोट भिज्नेगरि छर्कनुहोस्। फूल फुलेको बेला मौरीबाट परागसेचन हुने भएकोले तोरी बारीमा कुनै प्रकारको रासायनिक बिषादी प्रयोग नगर्नुहोस्।

➢ गहुँबालीमा तालिका अनुसार मलखादको प्रयोग गर्नुहोस्।

| वडा नं. | पहिलो पटक (गहुँ लगाउने बेला जग्गा तयारी गर्दा) | | | दोस्रो पटक (गहुँ छरेको २५-३० दिनमा) | तेस्रो पटक (फुल फुल्नु अगाडी अथवा ५०-५५ दिनमा) |
|---|---|---|---|---|---|
| | युरिया (के.जी/कट्ठा) | डि.ए.पी. (के.जी/कट्ठा) | पोटास (के.जी/कट्ठा) | युरिया (के.जी/कट्ठा) | युरिया (के.जी/कट्ठा) |
| १,२ र ९ | २.० | २.५ | २.८ | ३.० | ३.० |
| ३,४,५,६,७,८,११ | २.२ | २.२ | २.८ | ३.० | ३.० |
| १० | १.६ | ३.६ | २.८ | ३.० | ३.० |
| **रासायनिक मलको अतिरिक्त जग्गा तयारी गर्दा**<br>राम्ररी पाकेको प्राङ्गारिक मलः २०० के.जी. प्रति कट्ठा,<br>जिन्कः ६६.७ ग्राम प्रति कट्ठा र<br>बोरोनः ५० ग्राम प्रति कट्ठाको दरले प्रयोग गर्नुहोस्। | | | | | |

➢ गहुँ रोपेको ३० देखी ४० दिनभित्र सल्फोसल्फरन ७५%WP १.३ ग्राम प्रति कट्ठा ४२ एम.एल सरफेक्टेन्टमा मिसाई १७ लिटर पानीमा प्रति कट्ठाको लागि १७ लिटर पानीमा माटोमा चिस्यान भएको अवस्थामा फ्लेट फेन नोजलको प्रयोगले स्प्रे गर्नुहोस् ।

➢ **हिउँदे मकै खेती गर्दा डी.के.सी ९०८१ जस्ता जातहरु लगाउन सकिन्छ । हिउँदे मकै खेती गर्दा युरिया २.५ के.जी, डी.ए.पि ३ के.जी र पोटास ३.३ के.जी प्रति कट्ठाको दरले प्रयोग गर्न सकिन्छ ।**

➢ **तोरीको पातमा लाग्ने अल्टरेनिया डढुवा रोग व्यवस्थापनको लागि फूल झरी कोसा लाग्ने अवस्थामा मेन्कोजेवयुक्त विषादी २.५ ग्राम प्रति लिटर पानीका दरले सम्पूर्ण पात भिज्नेगरी ८-१० दिनको फरकमा २-३ पटक छर्केर उपचार गर्नुहोस्।**

➢ तोरीबालीमा लाही किरा लागे-नलागेको थाहा पाउन पहँलो पासो (Yello sticky trap) को प्रयोग गर्नुहोस्।

## फलफुल बाली



➢ सबै किसिमका फलफुल बालीमा मलखाद राख्ने समय भएकोले उपयुक्त चिस्यान कायम गरी सिफारिस गरिएको मात्रामा मलखादको प्रयोग गर्नुहोस् ।

➢ **यसै बर्षामा रोपेको फलफुल बालीका बेर्नाहरुलाई नियमित अनुगमन गर्नुहोस, कलमी गरेको भागभन्दा तल पलाएका मुनाहरु (चोर हाँगाहरु) हटाउनुहोस् ।** आवश्यकता अनुसार सिंचाई गर्नुहोस् ।

➢ यस साता बिहानको समयमा हुस्सु/कुहिरो लाग्ने भएकोले केराको गुवो मर्ने/डढ्ने/कुहिने र पसाउन लागेको बुङ्गो बाहिर निस्कन नसक्ने समस्या व्यवस्थापनका लागी केराको घरीलाई सेतो प्लाष्टिकले बेरिदिनुहोस्।

- चिसोबाट केराको गुवो डढ्ने समस्या कम गर्न टिस्यु कल्चर प्रविधिबाट तयार गरिएका केराका जातहरु यसै वर्ष लगाउनु भएको छ भने बाँसको भाटा उल्टो भि आकारमा गाडेर परालले छोप्नुहोस्।
- केराको फलमा कोत्रे कीराले फलको गुणस्तर घटाउने हुनाले यसबाट प्रभावित बगैंचामा बुङ्गोलाई बोरा अथवा प्लाष्टिकले बेर्ने वा एक भाग गाईको गहुँतमा पाँच भाग पानी मिसाएर वा नीम जन्य बिषादी ५ एम. एल . प्रति लिटर पानीमा मिसाई फल लागेको ठाउँमा छर्कनुहोस्।
- केराको काइयो बनिसकेपछि बुङ्गो काटेर हटाउनाले कोसाहरु प्रष्ट भइ घरिको तौल बढ्ने हुँदा नियमित अवलोकन गरि बुङ्गो हटाउनुहोस्।
- ढुसीका कारण केराका बोट ओईलाउन लागेमा कार्बन्डाजिम वा कपरअक्सीक्लोराइड २-३ ग्राम प्रति लि पानीमा मिसाई १० दिनको फरकमा ३ पटक जरा भिजाउनुहोस्। ब्याक्टरियाको कारण ओइलाउन लागेमा कासुगामाइसिन ३% SL २ एम एल प्रति लि पानीमा घोलेर १५ दिनको फरकमा २-३ पटक जरा भिजाउनुहोस्।

## तरकारी बाली

- आगामी साता तराईका जिल्लाहरुमा मध्यान्ह सम्म हुस्सु/कुहिरो लागिरहने साथै सापेक्षित आर्द्रता बढी हुने भएकोले आलुबालीमा पछौटे डढुवा रोगको नियमित अनुगमन गरी रोगको शुरूको अवस्थामा मेन्कोजेब ७५% डब्ल्यु.पी. २ ग्राम प्रति लिटर पानीमा मिसाई पातको तल्लो भाग समेत भिज्नेगरी छर्कनुहोस् । रोगको प्रकोप देखिएमा एक्रोब्याट (डाइमेथोर्फ ५०% डब्ल्यु.पी.) वा सेक्टिन (फेनामेडोन१०% + मेन्कोजेब ५०% डब्ल्यु.जी.) १.५ ग्राम प्रतिलिटर पानीमा मिसाइ बोटको सम्पुर्ण भाग भिज्नेगरी छर्कनुहोस्।



**चित्रः आलुको पात तथा मुनामा पछौटे डढुवाको लक्षण**

- टोकिनासी वा वर्णशंकर (Hybrid) जातका मूलाको बीउलाई ड्याङ बनाई लगाउनुहोस्।
- बिभिन्न बालीहरुमा सेतो झिंगाले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा जैविक विषादी, भर्टिसिलियम लेकानी ५ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस् । प्रकोप ज्यादा भएर रासायनिक विषादी प्रयोग गर्नुपरेमा निटेन पाईराम १०% एस.एल, १ एम.एल. प्रति ३ लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।

- बेमौसमी लहरे तरकारी बाली (काक्रा,लौका,फर्सी तथा करेला समूह) तपसिलमा उल्लेखित जातहरुको नर्सरी पोलीपटमा राखी प्लाष्टिको गुमोज भित्र राख्नुहोस्।

| क्र.सं. | बाली | जातहरु | कैफियत |
|---|---|---|---|
| १ | काक्रा | कामिनी,कुश्ले,डाईनेष्टी, एन एस ४०४, एन एस ४०८, चादनी, भक्तपुर लोकल र आदि | |
| २ | लौका | एन एस ४२१, एन एस ४४३, काबेरी,अनमोल र आदि | |
| ३ | फर्सी | अर्जूना,सोनार ०२२ र आदि | |
| ४ | करेला | हरियो करेला, एन एस ४५४,एन एस १०२४, एन एस ४२४, पाली र आदि | |

- तातो नर्सरीमा राखेका लहरे तरकारी समूहका बालीहरुमा हाल लगातारको कुहिरो र चिसो बढे सङ्गै बेर्ना कुहिने रोगको समस्या देखिएको हुनाले यसको व्यवस्थापनको लागि जैविक बिषादी ट्राईकोडर्मा ५ ग्राम प्रति लिटर पानीका दरले घोल बनाई जराको वरिपरीको माटो भिज्ने गरी स्प्रे गर्नुहोस्।वा रसायनिक ढुशीनासक बिषादी जस्तै साँफ (Carbendazim 12%+Mancozeb 63%) २ग्राम प्रति लिटर पानीका दरले घोल बनाई स्प्रे गर्नुहोस्।र साथै  बेर्ना उम्रिसकेको भए दिउसो घाम लागेको समयमा गुमोजको प्लाष्टिकको छानो एकै पटकमा नहटाएर विस्तारै हल्का हल्का खोल्दै हटाउदै जानुपर्दछ र रातीको समयमा ओढाउनुहोस्।



चित्रः बेर्ना कुहिने रोगको लक्षण

- विभिन्न तरकारी बालीमा लाग्ने बिषाणू (Virus) रोगको ब्यबस्थापनको लागि निम्न विधिहरु अपनाउनुहोस्।
  - निरोगी बीउ वा बेर्नाहरु मात्र प्रयोग गर्नुहोस् ।
  - सरसफाईमा ध्यान दिने र रोगी बिरुवा देखा पर्नासाथ नष्ट गर्नुहोस र सधै सफा राख्नुहोस्।
  - खेतबारी वरपरको बिषाणूयुक्त झारपातहरू तुरुन्त उखेलेर नष्ट गर्नुहोस् ।
  - रोगी बिरुवाहरूलाई छोएपछि वा प्रयोग गरेका औजारहरु स्वस्थ बिरुवामा प्रयोग नगर्नुहोस्।
  - विरुवा सारी सकेपछि हरेक १० दिनको फरकमा Vircon-H, १ एम.एल. प्रति लिटर पानीमा घोली बोट भिज्नेगरि छर्कनुहोस्। ← कीराहरुको माध्यमबाट रोग सर्ने भएकोले रोग सार्ने वाहक (Vector) को कीटनाशक बिषादीबाट कीराहरुको नियन्त्रण गर्नुहोस्।
- तरकारीको बेर्ना सारेको १५-२० र ४०-४५ दिन भएका तरकारी बालीहरुको बोट वरिपरि रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस्।
- प्याजको नर्सरी राख्ने समय भएकोले नासिक-५३, खुमल प्याज १, खुमल प्याज २ जस्ता सुचिकृत जातको बीउ भरपर्दो श्रोतहरुबाट आवश्यक मात्रामा व्यवस्था गरी नर्सरी राख्ने तयारी गर्नुहोस्।
- प्याज तथा लसुनको जरा कुहिने रोग ब्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त (Bavistin 50% WP) विषादी २ ग्राम प्रति लिटर पानीका दरले १४ दिनको फरकमा ३ देखि ४ पटकसम्म सम्पूर्ण जरा भिज्नेगरि हाल्नुहोस्।



चित्रः प्याज तथा लसुनको जरा कुहिने रोगको लक्षण

- नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा **फेद काट्ने कीरा** र **बेर्ना कुहिने रोग**को व्यवस्थापन गर्न क्लोरपाईरीफस १६% ई.सी. को ०.५ एम.एल. र कार्बेन्डाजिम (बेभिष्टिन ) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयरबाट नर्सरी ब्याड भिज्नेगरि छर्नुहोस् ।
- काउली समूहका बालीमा लाग्ने गाँठे रोग व्यवस्थापनका लागि फ्लुआजिनाम विषादीको धुलो २-३ ग्राम प्रति लिटर पानीमा घोली बोट वरिपरि ड्रेन्चिङ गर्नुहोस्।
- काउली समूहको तरकारी बालीहरुमा बन्दाको पुतली र इट्टा बुट्टे पुतली लाग्न सक्ने भएकोले नियमित अनुगमन गर्नुहोस् र सुरुको अबस्थामा लाभ्राहरुले एकै स्थानमा रहेर नोक्सानी पुर्याउछ, यस्ता फुल र लाभ्राहरुलाई जम्मा पारि नष्ट गर्नुहोस्। कीराको प्रकोप बढी भएमा स्पिनोस्याड ४५% एस.सी., अथवा क्लोरानट्रानिलिप्रोल १८.५ इ.सी., ०.३ एम.एल. प्रति लिटरका दरले पानीमा मिसाई कीरा लागेको ठाँउमा भिज्नेगरि साँझपख छर्कनुहोस् ।
- बोरोन सुक्ष्म 'खाद्यतत्वको कमीले काउली बालीमा मुख्य बढ्ने भाग कालो भएर सुक्ने वा मर्ने र पछि डाँट नै खोक्रो बन्ने भएकोले यसको व्यवस्थापनको लागी बोरेक्स १००० ग्राम प्रति रोपनीको दरले जग्गा तयारी गर्दा नै प्रयोग गर्नुहोस् ।
- **खुर्सानीको बोट ओइलाउने र जरा कुहिने रोग**को व्यवस्थापनको लागि पानीको निकासको उचित प्रवन्ध मिलाउनुहोस्, रोगी बोटहरु हटाउनुहोस्। प्रकोप बढि भएमा कपरयुक्त विषादी २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा २-३ पटक जरा र वरिपरिको माटो भिज्नेगरि ड्रेन्चिङ गर्नुहोस् ।
- **खुर्सानीमा गुजुमुजे भाइरस रोग**का लक्षणहरु देखिएमा, सो रोग लगाउने भाइरस लाही किरा र थ्रिप्स बाट सर्ने भएकोले लाही किरा र थ्रिप्स व्यवस्थापनको लागि रोगर १ मि.लि. प्रति लिटर पानीमा मिसाएर छर्नुहोस । भने भाइरस व्यवस्थापनको लागि Vircon-H २ ग्राम प्रति लिटर पानीमा मिसाएर ५-७ दिनको फरकमा साँझपख छर्नुहोस ।
- बालीहरुमा **सेतो झिंगा र लाही किरा (माहा)ले** आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा कीरा व्यवस्थापनको लागि निटेनपाईराम १०% एस.एल, १ एम.एल. प्रति ३ लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।



- **भन्टाको डाठ तथा फलको गवारो** व्यवस्थापनको लागि गवारोको कारण ओइलाएको मुन्टा, पात तथा फल टिपी करिव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने गर्नुहोस । किराको बयस्क भाले आकर्षित गरी मार्नका लागि क्यु-ल्युर र बिषादी मिसिएको ल्युसिन ल्युर (leucin lure) प्रति कठ्ठा २ वटाको दरले राख्नुहोस् । रासायनिक बिषादी

प्रयोग गर्नुपरेमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एस.सी.) ०.२ मि.लि. प्रति लिटर पानीमा मिसाई साँझपख छर्नुहोस ।

- **शंखे किरा (चित्र क), चिप्ले किरा (चित्र ख)** ले तरकारी तथा फलफूलका बिरुवामा क्षती पुर्याउने भएकोले यसको व्यवस्थापनको लागि किरा हिड्ने बाटो/बिरुवाको वरिपरी सुख्खा काठको धुलो, धानको भुस, अण्डाको बोक्राको टुक्रा साथै मानिस अथवा जनावरको रौं छर्नुहोस । किराहरु लुकेर बस्ने ठाँउहरु जस्तैः झारपात, पात-पतिङ्गर, काठ तथा फोहोर थुपारेको ठाँउको सरसफाई गर्नुहोस । कीरालाई प्लाष्टिकको थैलोमा संकलन गरेर नुन हालेर थैलो बन्द गर्नुहोस् । शंखे किरालाई जुनकिरी (Fire fly) र लाइटिनिङ्ग खपटे किराको लार्भाले (चित्र ग) खाने भएकोले


चित्र-कः शंखे कीरा


चित्र-खः चिप्ले कीरा


चित्र-गः जुनकिरीको लार्भा

यिनीहरुको सम्बर्धन गर्नुहोस् ।

### अन्य

- पशुवस्तुलाई **सर्पको टोकाईबाट** बचाउन घरगोठ वरिपरि झाडी, बुट्यान तथा सर्प लुक्न सक्ने वस्तु हटाउनुहोस् । बर्षातको समयमा तराइका क्षेत्रहरुमा सर्प दंशको घटना देखिइ रहेको हुनाले सर्पको टोकाईबाट जोगिन च्याउ (बेम्टी) टिप्न, पशुबस्तु चराउन जंगल/झाडी जाँदा सतर्क रहनुहोस्, जुत्ता वा बुट अनिवार्य रुपमा लगाउनुहोस ।
- मौरी लगायतका अन्य **लाभदायी किराहरु**को सक्रियता दिउँसो २ बजे पश्चात क्रमश : घट्दै जाने भएकाले बाली बिरुवामा बिषादी छर्दा सकेसम्म हावा नलागेको बेला दिउँसो २ बजे पछीको समयमा मात्र छर्कनुहोस ।
- तापक्रम घट्ने क्रम जारी रहेकोले मौरीघारलाई चारैतिरबाट प्लाष्टिक वा जुटको बोराले बेरेर राख्नुहोस्। साथै घारको नियमित अनुगमन गरी मौरीलाई खानेकुरा कम छ भने आवश्यकता अनुसार चिनी चास्नी खुवाउनुहोस्।

## पशुपालन सम्बन्धि सल्लाहः

### गाइ, भैसी, बाखा, भेडा



- हालका दिनमा नगरपालिका क्षेत्र भित्र रहेका गौशाला र कृषकहरुको घरका गाई गोरुहरुमा पनि फाट्टफुट्ट रुपमा **लम्पी स्किन रोग** देखिएको र अन्य क्षेत्रमा समेत फैलन सक्ने हुँदा आवश्यक सतर्कता अपनाउनुहोस् :
  - स्वस्थ गाई र भैंसीलाई अनिवार्य खोप लगाउनुहोस् ।
  - यो रोग सामान्यतया लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदिको टोकाइबाट सर्ने हुँदा गोठ तथा फार्म परिसरमा नियमित सरसफाई गरी लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदि किराको संख्यालाई नियन्त्रण गर्नुहोस् ।

- गोठ भित्र वा बाहिर ब्लिचिङ्ग पाउडर, फर्मालिन, ग्लुटरअल्डिहाइड लगायतका रसायनहरु प्रयोग गरी निःसङ्क्रमण गर्नुहोस् । फार्म/गोठको मुख्य प्रवेशद्वार तथा खोर बाहिर निःसङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्नुहोस् ।
- रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्नुहोस्।
- यो रोग सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुसँग प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशुमा समेत सर्ने हुँदा रोग देखा परेको क्षेत्रबाट गाई भैसींको ओसारपसार नगर्नुहोस् ।
- नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बथानमा मिसाउनुहोस ।

➢ दुधालु गाइभैसीहरुमा थुनेलो रोगका कारण दुध फाट्न थालेमा, स्वाद बढी नुनिलो हुन थालेमा वा थुनमा केही फरक भएमा सुषुप्त अवस्थाको थुनेलो हुनसक्ने हुँदा दुधको जाँच गराई थप उपचारका लागी पशु स्वास्थ्य प्राविधिकहरुसँग सम्पर्क गर्नुहोस्

➢ ढुसी लागेको परालमा हुने माइकोटोक्सिनको कारणले विशेष गरी गाई भैसीमा डेगनेल्ला रोग देखापर्न सक्ने भएकोले पराल खुवाउदा राम्रो संग सुकाएर ओभानो पारेर मात्र खुवाउनुहोस्।

➢ बाख्रामा देखिने कुम्री (ढकेरी) रोगको रोकथाम गर्न भदौ देखि कात्तिकसम्म मासिक एक चक्की डाई ईथाइल कार्बामाजिन (डी.ई.सी)- १०० एम.जी. खुवाउनुहोस् र आइभरमेक्टिन ईन्जेक्सन १ मि.लि. प्रति ३० के.जी. शारीरिक तौलको अनुसार लगाउनुहोस् । ढकेरी लागेका बाखाको हकमा दैनिक एक चक्की सात दिनसम्म खुवाउनुहोस् र साथमा भिटामिन बी कम्प्लेक्सको सुई २-३ दिनसम्म लगाउनुहोस्।

➢ बाख्रमा मोओला देखिएमा ५% पोभीडन आयोडिन वा १% कपर सल्फेट वा २% बोरिक एसिड १% पोटासको घोलले मुख वरपरको घाउ सफा गर्नुहोस्।

➢ बधुवा रुपमा पालिएका गाइ/भैसीहरु ब्याउने छन् भने तिनीहरुमा **भण्डारो (Prolapse of Uterus)** हुने खतरा भएको हुँदा त्यस्ता ब्याउने पशुलाइ बस्ने ठाउँ अगाडी होचो र पछाडी अग्लो बनाउनुहोस् । आहारा एकै चोटी टन्न खान नदिइ पटक पटक दिनुहोस । बिहान बेलुका १/१ घण्टा हल्का गोठ बाट बाहिर हिडाउने साथै चराउने गर्दा उक्त समस्या कम गर्न सकिन्छ ।

➢ **बाह्य परजीवीहरु (जुम्रा, किर्ना, उपियाँ** आदि) ले बाख्राको स्वास्थ्यलाई गम्भीर असर पार्न सक्छन् । यी परजीवीहरुबाट बाख्रालाई जोगाउन डिपिङ विधि अपनाउनुहोस । साथै आईभरमेक्टिन औषधिको सुई गाई, भैसी, भेडा र बाख्राको हकमा १ एम.एल प्रति ५० किलो शारीरिक तौलको दरले लगाउनुहोस ।

➢ पशुहरुमा किर्नाको टोकाईबाट लहुमुते रोग- Babesiosis (प्रायः कफी रंगको वा रातो रंगको पिशाव फेर्ने; उक्त पिशाव आधा घण्टा जति सफा टेस्टटयुव/शिसाको गिलासमा नहल्लाई राख्दा सतहमा रगत नजम्ने) सर्ने भएकोले किर्नाबाट पशुहरुलाई जोगाउन बुटक्स १ एम.एल. प्रति लिटर पानीमा मिसाई किर्ना भएको ठाउँमा हप्तामा २ पटकको दरले ४ हप्तासम्म स्प्रे गर्नुहोस ।

➢ शंखेकीराको प्रकोप भएको पानी जमेको ठाउँमा अथवा सिमसार क्षेत्रमा पशु वस्तुलाई चराउन लैजानु हुँदैन । ती ठाउँका घासपात- पशुवस्तुले खाँदा नाम्ले रोग लाग्न सक्दछ । तसर्थ पशुवस्तुलाई घाँस खुवाउनु अघि घाममा ओइलाएर मात्र खुवाउनुहोस्।

- दुधालु **गाईभैंसीलाई थुनेलोको** समस्याबाट जोगाउन, गोठ सुख्खा र सफा राखुहोस् । साथै, हरेक पटक दुध दोहीसकेपछी ग्लिसिरन र पोभिडिन आयोडिनको १:९ को अनुपातमा बनाईएको झोलमा कम्तिमा १ मिनेट सम्म थुन डुबाउने गर्नुहोस । यसरी बनाईएको झोललाइ सफा बट्टामा बिर्को बन्द गरी राखेमा पटक-पटक प्रयोग गर्न सकिन्छ ।
- प्रजननका लागि उपयुक्त पाठी तथा माउ बाख्राहरुलाई खोरको छुट्टै कोठामा राख्ने व्यवस्था मिलाउनुहोस । अनियन्त्रित प्रजननबाट बचाउनका लागि ३ महिना उमेर पुगेका पाठा र पाठीलाई संगै मिसिन दिनुहुदैन ।
- खेतबारीमा पाइने निलो फुल्ने राउने झार वा गन्दाइने ढर्‍री पशुवस्तुले खाएमा पखाला हुने, मुर्छा पर्ने र मर्ने सम्भावना हुदा त्यस किसिमका झार खेतबारीबाट हटाउनुहोस् ।
- मौषम चिसो हुदै गएकोले रातीको समयमा खोर-गोठमा न्यानो बनाउनको लागी भुस पराल आदी सोत्तर बिछ्छाउने र खोर-गोठलाई प्लाष्टिकले ढाक्ने र दिउँसोको समयमा खोर-गोठ खुल्ला राख्ने गर्नुहोस्।
- पाडा-पाडी,बाछ्छा-बाछ्छी र पाठा-पाठीलाई न्यानो बनाउन घर भित्र वा खोर-गोठको एक कुनामा न्यानो सोत्तर र फिलामेन्ट चिम तथा हिटर बाल्ने व्यबस्था गर्नुहोस्।

## कुखुरा, हाँस, बंगुर

- हिउँदको समयमा कुखुराको खोरमा आद्रता र चिस्यान बढी हुने हुँदा खोरमा सोत्तर र चुनको प्रयोग गरी सधै खोर सुख्खा रहने व्यवस्था मिलाउनुहोस।
- मौषम चिसो हुदै गएकोले रातीको समयमा कुखुरा र हाँस खोरमा न्यानो बनाउनको लागी भुस पराल आदी सोत्तर बिछ्छाउने र खोरलाई प्लाष्टिकले ढाक्ने र दिउँसोको समयमा खोर खुल्ला राख्ने गर्नुहोस्। ब्रोईलर र लेयर्सको हकमा ५ ईन्च बाक्लो सोत्तर राखुहोस् र फिलामेन्ट चिम तथा हिटर बाल्ने व्यबस्था गर्नुहोस्।
- जाडो याममा चिसोका कारण बंगुरका पाठापाठीका मृत्युदर बढी हुने भएकाले बँगुरको खोरमा ३५-३८ डिग्री तापक्रम हुने व्यवस्था मिलाउनुहोस्।
- चिसो मोसम बढे सँगै कुखुराहरुमा घ्यार-घ्यारे (सि आर डी) रोग देखापर्न सक्ने हुँदा कुखुराको खोरलाई न्यानो राख्नका लागी ब्रुडिङको गर्नुहोस् र आवश्यकता अनुसार खोरमा पर्दाको व्यवस्था गर्नुहोस्।
- कुखुराहरुमा अस्वाभाविक मृत्यु, सुस्तता, अन्य कुनै लक्षण देखिएमा वा सुँगुर/बंगुरहरुमा उच्च ज्वरो आई मृत्युदर बढी भएमा बिशेष सतर्कता अपनाई नगर पशु सेवा शाखा, बारबर्दिया नगरपालिका वा एकीकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय, बर्दियामा सम्पर्क राखुहोस् ।

## घाँसेबाली

- जमिनमा चिस्यानको मात्रा हेरी १५-१५ दिनको फरकमा सिचाई गर्ने ।
- छरेको पहिलो पटक ४५ दिनमा र त्यसपछि प्रत्येक १५ देखि २० दिनको फरकमा घाँस काट्नु पर्छ । ओइलाएर मात्रै पशुलाई घाँस खुवाउनुहोस् ।

## अन्य

- सम्पूर्ण पशुपन्छीहरुलाई आन्तरिक तथा बाह्य परजीवी बिरुद्धको औषधी नियमित रुपमा खुवाउनुहोस् ।
- गाईभैसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र र बाख्रामा १२ देखि ३६ घण्टाभित्र प्रजनन गराउनुहोस् ।

- नर्सरीमा किम्बु, बैंस जस्ता डाले घाँसहरुको कटिङ गर्नुहोस्।
- पशुपालनमा संलग्न कृषकहरुले पशुपालनको जोखिम कम गर्न समयमा नै पशुबस्तुहरुको बिमा गर्नुहोस ।
- घरपालुवा कुकुरहरुलाई बर्षमा एक पटक नियमित रुपमा रेबिज बिरुद्धको खोप लगाउनुहोस् । रेबिज बिरुद्धको खोप लगाउनुभन्दा १ हप्ता अगाडी कुकुर/बिरालोलाई आन्तरिक परजीवी बिरुद्धको औषधी खुवाउनुहोस् ।

## अन्य सल्लाह :

- कृषि सम्बन्धि जिज्ञासाको लागि बारबर्दिया नगरपालिकाको कृषि विकास शाखा, जयनगर तथा वडा कृषि प्राविधिकहरु सँग सम्पर्क गर्नुहोस।
- पशुसेवा सम्बन्धि जिज्ञासाको लागि बारबर्दिया नगरपालिकाको पशु सेवा शाखा प्रमुख ९८५८०२५८५४, जयनगरमा सम्पर्क गर्नुहोस।
- मौसम सम्बन्धि जिज्ञासाको लागि पैसा नलाग्ने चौबिसै घण्टा उपलब्ध जल तथा मौसम बिज्ञान बिभागको फोन नम्बर-११५५ मा फोन गरेर जानकारी लिन सकिन्छ ।
- कृषि र पशु सम्बन्धि जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक सोमबार साँझ ४ देखि ६ बजेसम्म फोन गरेर जानकारी लिन सकिन्छ ।
- बारबर्दिया नगरपालिका सँग सम्बन्धित कृषि र पशुपालन सम्बन्धि सूचना तथा सल्लाहको लागी क्यु आर कोड स्क्यान गरी फेसबुक पेज र ह्वाट्सयाप ग्रुपमा जोडिन सक्नुहुनेछ

## सन्दर्भ सामाग्रीः


१. नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा जल तथा मौसम बिज्ञान बिभाग संगको सहकार्यमा जारी कृषि-मौसम सल्लाह बुलेटिन । https://narc.gov.np/agromet-bulletin/

२. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली - बर्डसँगको प्राविधिक सहकार्यमा जारी गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन ।

३. साप्ताहिक मौसम पूर्वानुमान २०८२ पौष २५ गते शुक्रबार देखि माघ ०१ गते बिहीबार सम्म, मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम बिज्ञान बिभाग, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौं । https://dhm.gov.np/mfd/#/weather/pages/weekly-weather-outlook

४. बारबर्दिया नगरपालिकाको माटोको अवस्था र मलको सिफारिस मात्रा (माटोको डिजिटल नक्सामा आधारित) ।

५. कृषि तथा पशुपन्छी डायरी २०८२ ।